नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द**

# लोपोन्मुख आदिबासी जनजाति तथा दलित वर्गका विद्यार्थीहरुबाट विद्युतीय चुलोको माग संकलन सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८३/०५/२७

निवेदन बुझाउने अन्तिम मिति : २०८३/०५/२९ (दिउसो १:०० बजेसम्म)

हाल काठमाण्डौं उपत्यकामा एलपि ग्याँस उपलब्धतामा भएको समस्यामा सांकेतिक रुपमा भएतापनि राहतको महशुस गराउन, स्वदेशमा उत्पादित स्वच्छ ऊर्जाको खपत वृद्धि गर्न तथा विद्युतीय चुलोको पनि प्रवर्द्धन गर्न काठमाण्डौं बाहिरबाट काठमाण्डौं उपत्यकामा आई घर भाडामा लिई स्नातक वा स्नाकोत्तर तहमा अध्ययन गर्ने लोपोन्मुख आदिबासी जनजाति तथा दलित वर्गमा पर्ने ३०० विद्यार्थीहरुलाई विद्युतीय चुलो उपलब्ध गराउनका लागि यो सूचना प्रकाशन गरिएको छ, जसका लागि देहायको लिङ्क मार्फत अनलाईन फारम भरी तपसिल बमोजिमको कागजात अपलोड गर्नुपर्नेछ । अनलाईन फाराम मात्र भरी आवश्यक कागजात पेश नगरेका विद्यार्थीहरुको आवेदनलाई छनौटमा समावेश गरिने छैन ।

**तपसिल:**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

२. शिक्षण संस्थाको सिफारिस र विद्यार्थी परिचयपत्रको प्रतिलिपि

३. लोपोन्मुख आदिबासी जनजाति तथा दलित वर्ग खुल्ने परिचयपत्रको प्रतिलिपी वा सम्बन्धित निकायको सिफारिस

☞ यस लिङ्क मार्फत अनलाईन फारम भर्न सकिनेछ : *https://mis.aepc.gov.np:1415/*

☞ सम्बन्धित निकाय वा स्थानीय तहबाट विपन्नता खुल्ने सिफारिस पेश गरेका तथा सरकारी वा सामुदायिक शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीलाई छनौटमा प्राथमिकता दिईनेछ ।

☞ यस लिङ्क मार्फत शिक्षण संस्थाको सिफारिसको ढाँचा डाउनलोड गर्न सकिनेछ : www.aepc.gov.np

☞ पुनश्चः यस केन्द्रबाट विद्युतीय चुलो प्राप्त गरिसकेका विद्यार्थीहरुको माग स्वतः खारेज हुनेछ ।

थप जानकारीको लागि सम्पर्क ठेगाना:
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
जैविक ऊर्जा शाखा
ताहाचल, काठमाडौं
इमेल: info@aepc.gov.np
फोन नं. ०१-४५९८०१३/४५९८०१४